प्रधानमन्त्री

काठमाडौं, नेपाल

विश्व हात धुने दिवसको अवसरमा

## शुभकामना

जनस्वास्थ्य प्रवर्द्धनमा समर्पित आजको विश्व हातधुने दिवस (१५अक्टोबर) यस वर्ष **हाम्रो भबिष्य हाम्रै हातमा छ-हामी सबै एक साथ अगाडी बढौं** भन्ने नाराका साथ मनाइदै छ । यस अवसरमा म सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाइ प्रति सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक कामना गर्दछु । कोभिड-१९ को महामारीले जनस्वास्थ्यमा सिर्जना गरेको असहज परिस्थितिवाट छुटकारा पाउन हामीले नयाँ सोच र शैलीमा सचेतना लगायत विभिन्न स्थानहरू जस्तै घरायसी तथा सार्वजनिक स्थल, नेपाल भारत प्रवेश विन्दु, क्वारेन्टाइन, आइसोलेसन, वसपार्क, स्वास्थ्य संस्था, विद्यालयहरूमा हात धुने स्थानहरूको स्थापना तथा प्रयोग गरी यसको जोखिम न्यूनिकरण गर्न सफल भएकोमा सवै ब्यक्ति, संघ संस्थाहरूलाई विश्व हात धुने दिवसको अवसरमा धन्यवाद दिन चाहन्छु । सरसफाइको अभावले सिर्जना हुने कोभिड-१९ लगायतका सरुवा जन्य रोगको संक्रमणबाट बच्न कम्तिमा २० सेकेण्ड सम्म साबुन पानीले मिचीमिची हात धुने कार्य एक उपयुक्त उपाय बन्न सकेको सन्दर्भमा आजको यस दिवसको महत्त्व झन् बढेको छ। हाम्रो देशमा सन् २००८ को आजकै दिनदेखि विश्व हात धुने दिवसलाई राष्ट्रिय अभियानको एक महत्वपूर्ण अंगको रुपमा मनाउँदै आएका छौं । सरसफाइ गुरुयोजना २०११ ले साबुनलाई औषधीजन्य बस्तु र संवेदनशील अवस्थामा साबुनपानीले २० सेकेण्डसम्म मिचीमिची हात धुने कार्यलाई जनस्वास्थ्य प्रवर्द्धनको प्रमुख आधारको रुपमा मान्यता प्रदान गरेको छ । यसका अतिरिक्त पूर्ण सरसफाइ मार्गदर्शन २०१७ ले साबुनपानीले हात धुने कार्यलाई एक महत्वपूर्ण सूचकको रुपमा स्थापित गरेको छ । दिगो विकास लक्ष्यको ६.२ प्राप्तिको लागि समेत साबुनपानीले हात धुने सूचकलाई उत्तिकै महत्व दिएको छ।

सन् २०२० मा कोभिड-१९ ले विश्वब्यापी महामारीको रुप लिए पछि संयुक्त राष्ट्र संघ अन्तर्गतको बिश्व स्वास्थ्य संगठन र युनिसेफले सबैका लागि हातको स्वच्छताको लागि आह्वान गरे सँगै नेपालले पनि खानेपानी मन्त्रालयको नेतृत्व, राष्ट्रिय योजना आयोग, अन्य सम्बधित मन्त्रालयहरू तथा सरोकारवालाहरूको सहकार्यमा लागत सहितको हातको स्वच्छता सम्बन्धी राष्ट्रिय मार्गचित्र (२०२१-२०३०) अन्तिम चरणमा रहेको र नेपाल सरकारबाट स्वीकृत गरी तीनै तहका सरकारहरूमार्फत कार्यान्वयनमा ल्याइ सबैका लागि, सधैका लागि र सधै भरी हातको स्वच्छतालाई व्यवहारमा उतारी नेपालीहरूलाई स्वच्छताको कमीबाट हुने कोभिड-१९ जस्ता सरुवाजन्य रोगको संक्रमणवाट जोगाइ स्वस्थ जीवन बाँच्न टेवा पुग्ने विश्वास दिलाउन चाहन्छु ।

अतः हाम्रो देशको वर्तमान परिवेशमा साबुन पानीले हात धुने कार्यलाई व्यक्तिगत, घरायसी, सामुदायिक र कार्यस्थल तहमा दिगो रुपमा प्रवर्द्धन गर्न व्यक्ति, घर परिवार, विद्यालय, स्वास्थ्य संस्था, संचारकर्मी, नागरिक समाज, खानेपानी उपभोक्ता तथा सरसफाइ समिति, निजी क्षेत्र, समुदाय र स्थानीय सरकार अझ सशक्त रुपमा सचेतनामूलक र प्रवर्द्धनात्मक कार्यमा जुट्नु पर्ने देखिन्छ।

अन्तमा साबुन पानीले हात धुने अभियानमा हातेमालो गर्नुहुने सम्पूर्ण महानुभावहरूमा आभार ब्यक्त गर्दै लागत सहितको हातको स्वच्छता सम्बन्धी राष्ट्रिय मार्गचित्र (२०२१-२०३०) सबैको समन्वय र सहकार्यमा लागु गर्दै चाँडो भन्दा चाँडो कोभिड-१९ महामारी लगायतका संक्रमण अन्त्य हुन सकोस् भनी हार्दिक शुभ कामना व्यक्त गर्दछु।

शेरबहादुर देउवा

२९ असोज, २०७८